# प्रेस विज्ञप्ती - ६७
# Press Release-67

लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाइ
Narcotic Drug Control Law Enforcement Unit

मितिः-२०६८/०९/२१ गते

## विभिन्न लागू औषध सहित ३ (तीन)जना पक्राउ

**काठमाण्डौ,**

**यस इकाईबाट खटिएको अप्रेशन समूहले निम्न मिति र स्थानबाट निम्नानुसारको लागू औषध सहित ३ जना लाई पक्राउ गरेको छ।**

१. लागू औषध नियन्त्रण कानून कार्यान्वयन इकाई नयाँ बानेश्वरबाट खटिएको प्रहरी टोलीले मिति **२०६८ साल पौष १६ गते ५ किलो २४० ग्राम लागु औषध चरेस सहित जि. काठमाण्डौं, सितापाईला वडा नं. १ घर भएका वर्ष ४५ को राजेन्द्र के.सी.** लाई का.जि.का.म.न.पा. वडा नं.१७ मनाङ्गेटोलबाट पक्राउ गरिएको छ । निज के.सी.ले विगत लामो समय देखि ठमेल एरियामा विदेशीहरुलाई चरेस उपलब्ध गराउँदै आएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

२. यसै गरी इकाईबाट खटिएको प्रहरी टोलीले मिति २०६८।०९।१८ गते नियन्त्रित लागू औषध डाईजेपाम ९५० र ब्रुपिनर्फिन ७५० गरी १७०० पिस एम्पूल सहित १ जना लाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जि. सुनसरी धरान न.पा. १ घर भै का.जि.का.म.न.पा. वडा नं. ३४ कात्यायनी डेरा गरी वस्ने धिरज राई छन् । निजलाई उल्लेखित नियन्त्रित लागू औषध सहित कात्यायनी चोकबाट पक्राउ गरिएको हो । निज धिरज राई विगत लामो समय देखि रक्सौलबाट विरगंज हुँदै काठमाण्डौमा ल्याई बिक्री बितरण गर्ने गरेको खुल्न आएको छ ।

३. यसै गरी यस इकाईबाट त्रि.अ.वि.गौचरणमा खटिएको प्रहरी टोलीले मिति २०६८।०९।२० गते राती ११:३० बजेको समयमा १ किलो कोकिन सहित एक विदेशी महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पा.पो..नं.Y 951544 वाहक थाई नागरीक नाम Mrs. Suparerat Mcintosh रहेकी छिन् निज महिला RA 0415 को उडानद्वारा काठमाण्डौबाट क्वालालम्पुर हुदै थाईल्याण्ड जाने क्रममा पक्राउ परेकी हुन निज कतारको उडानद्वारा पेरु, अर्जेन्टीना, व्यूनर्स आयर्स, कतार हुदै मिति २०६८।०९।१८ गते नेपाल आएकी हुन । स्मरण रहोस बरामद भएको कोकीन परिमाण नेपालमा पहिलो पटक पक्राउ परेको हो । यसको अवैध मूल्य गन्तव्यमा पुऱ्याउन सकेमा रु दुईलाख अमेरीकी डलर बरावरको हुने बुझिन आएको छ ।

फोन: ४७८१७०८/४७८०१८७ फ्याक्स: ४७८१५७८
ईमेल : ncbnepal@gmail.com




1 Kg. Cocaine in CanFish “Mrs. Suparerat Mcintosh- Thailand, Bangkok”